## सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा विधायन ऐन, २०८१ को दफा ६ बमोजिम सर्वसाधारणको राय/सुझाबको लागि प्रकाशन गरिएको सूचना।

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३/०४/१९ को निर्णय अनुसार सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए ७ दिन (मिति २०८३/०४/२५ गते) भित्र यस मन्त्रालयको कानून शाखाको इमेल ठेगाना law.section@mohp.gov.np मा देहाय बमोजिमको ढाँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था (राय सुझाव) | राय सुझावको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

### <u>सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) (पहिलो संशोधन) विधेयक, २०८३" रहेको छ ।

यो ऐन (२) तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ यसपछि "मूल ऐन" भनिएको को दफा २ मा संशोधन</u>** : मूल ऐनको दफा २ को खण्ड (क), (ख), (ग) र (ज) को सट्टा देहायको खण्ड (क), (ख), (ग) र (ज) राखिएएका छन् :–

"(क) "सुर्तीजन्य पदार्थ" भन्नाले धूम्रपान वा सुर्ती सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएका देहाय बमोजिमका पदार्थ सम्झनु पर्छ ।

(१) चुरोट, बिँडी, सिगार, तमाखु, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती,

(२) हिटेड टोबाको, विद्युतीय चुरोट (इसिगरेट /भेप्स, ईलेक्ट्रोनिक निकोटिन डेलीभरी गर्ने अन्य कुनै बस्तु तथा पदार्थ,

(३) निकोटिन पाउच, निकोटिन साल्ट, ईजुस/ईलिक्यूड जस्ता निकोटिन युक्त पदार्थ,

(४) सुल्फा, हुक्का, शिशा, कक्कड,

(५) अन्य सुर्तीजन्य पदार्थ।

(ख) "धूम्रपान" भन्नाले सुर्तीजन्य पदार्थलाई तताएर, बालेर, धुँवा वा वाफको रूपमा सेवन गर्ने कार्य सम्झनु पर्छ।

(ग) "सुर्ती सेवन" भन्नाले सूर्तीजन्य पदार्थ मुखमा राख्ने, नस लिने वा सेवन गर्ने कार्य सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्झनु पर्छ ।"

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u>** : मूल ऐनको दफा ३ को उपदफा (२) सट्टा देहायको उपदफा (२) राखिएको छ :–

"मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र (१) उपदफा (२) सम्वेदनशीलतालाई विचार गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थललाई समेत सार्वजनिक स्थल मानिनेछ ।

४. **<u>मूल ऐनको दफा ६ मा संशोधन</u>** : <u>मूल ऐनको दफा ६ पछि देहाको दफा ६क.थप गरिएको छ</u> :–

"६क .**<u>धुम्रपान तथा सुर्तीसेवन मुक्त क्षेत्र घोषणा गर्न सक्ने</u>** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशन गरी कुनै निश्चित भौगोलिक क्षेत्र ,स्थान वा गाउँ वा वडालाई धुम्रपान तथा सुर्ति सेवन मुक्त क्षेत्र घोषणा गर्न सक्नेछन् ।"

५. **<u>मूल ऐनको परिच्छेद-३ मा संशोधन</u>** : परिच्छेद ३ को परिच्छेद शिर्षकमा रहेको "उत्पादन" भन्ने शब्द पछि "आयात" भन्ने शब्द थप गरिएको छ।

६. **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. **प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्ग सम्बन्धी व्यवस्था** : उत्पादक तथा आयातकर्ताले सुर्तीजन्य पदार्थको र्‍यापर्स, प्याकेट, बट्टा, पेटी, पार्सल, प्याकेजिङ्ग, प्लेन प्याकेजिंग सम्बन्धमा देहाय बमोजिमका कार्य गर्न हुदैंनः-

(१) ट्रेडमार्क, लोगो, प्रबर्धनात्मक चिन्ह, ब्राण्ड रङ्ग तथा अक्षर उल्लेख गर्न,

(२) सुर्तीजन्य पदार्थको प्रयोगलाई आकर्षण गर्न असत्य, भ्रामक वा कपटपूर्ण सन्देश फैलाउन सक्ने कुनै किसिमको हल्का, अति हल्का, मध्यम, लो टार, सुरक्षित, पातलो, लक्जरी, चक्लेट, स्ट्रबेरी, किङ्ग, लिजेन्ड, आइस, मेन्थोल, ब्रस्ट जस्ता शब्दको प्रयोग गर्न,

(३) ब्राण्ड तथा ट्रेड नाम राखि अन्य बस्तुको उत्पादन तथा आयात गर्न,

(५) चुरोट, बिडि वा सिगारको आकारमा कुनै पनि बस्तु उत्पादन गर्न,

(६) बीस खिल्ली भन्दा कम हुनेगरी चुरोट वा बिडीको प्याकेट वा बट्टा तयार गर्न,

(७) लामो समय सम्म नसड्ने प्रकृतिको प्लाष्टिकजन्य पदार्थको प्रयोग गर्न,

(८) प्रत्यक्ष  वा अप्रत्यक्ष रुपमा सुर्तीजन्य पदार्थको प्रवर्द्धन तथा बिज्ञापन हुने गरी कुनै सन्देश, सामाग्री, रंगलोगो ,, चिन्ह, चित्र आदि राखेर प्याकेजिङ्ग वा लेबल गर्न,

(९) तोकिए बमोजिमका अन्य कार्य गर्न।"

७. **मूल ऐनको दफा ९ मा संशोधन** : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :–

"**९. चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्ने** : (१) उत्पादक तथा आयात कर्ताले सुर्तीजन्य पदार्थको र्‍यापर्स, प्याकेट, बट्टा तथा पार्सलको बाहिरी भागमा प्याकेजिङ्गको देहाय बमोजिमका आकारमा हुने भागमा कम्तिमा निम्न बमोजिमको चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नुपर्नेछः-

(क) चुरोट वा यस्तै किसिमका छ वटा समतल भाग समावेश रहेको आयातकार र्‍यापर्स, प्याकेट, बट्टा तथा पार्सलमा मुख्य भागको अगाडी र पछाडी, सहायक माथिल्लो भागको सत प्रतिशत भाग, सहायक दायाँ र बाँया भागको माथिल्लो नब्बे प्रतिशित भागमा,

(ख) सूर्ती, खैनी, गुड्खा वा यस्तै किसिमका दुईवटा समतल भाग हुने आयातकार र्‍यापर्स, प्याकेट, बट्टा तथा पार्सलको मुख्य भागको अगाडीको सतप्रतिशत र पछाडीको नब्बे प्रतिशत भागमा,

(ग) बिडी वा यस्तै किसिमका सोली र बेलनाकार र्‍यापर्स, प्याकेट, बट्टा तथा पार्सलको गोलाकार मुख्य भाग र सहायक माथिल्लो भागको सतप्रतिशत भागमा

(२) उपदफा (१) मा उल्लेख भए बाहेक अन्य भागमा मन्त्रालयले तोके अनुसारको विवरण उल्लेख गर्नुपर्नेछ।

(३) उत्पादक वा आयात कर्ताले उपदफा (१) बमोजिम राख्नुपर्ने चेतावनीमूलक सन्देश तथा चित्र तथा अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिमको चेतावनी मूलक सन्देश तथा चित्रहरु छाप्दा वा अंकित गर्दा प्रत्येक वर्षका लागि फरक फरक हुने गरी तोक्न सकिनेछ।

(५) उपदफा (३) बमोजिमको चेतावनीमूलक सन्देश र चित्रहरुको अपभ्रंस नहुने, नबिग्रने र नछोपिने गरी छाप्नु पर्नेछ ।

८. **<u>मूल दफाको दफा १० मा संशोधन</u>** : मूल दफाको दफा १० मा रहेको “ईमेल” भन्ने शब्द पछि “सामाजिक सञ्जाल,” भन्ने शब्द थप गरिएको छ।

९. **<u>मूल ऐनको दफा ११ मा संशोधन</u>** : मूल ऐन को दफा ११ पछि देहायको दफा ११क. र ११ख. थप गरिएको छः-

“**११क. <u>उत्पादन, आयात, बिक्री वितरण तथा सञ्चय गर्न नपाइने</u>** : कसैले पनि ई-सिगरेट र ईलेक्ट्रोनिक निकोटिन डेलीभरी गर्ने अन्य कुनै बस्तु तथा पदार्थ (भेप्स), हिटेड टोबाको पदार्थ, निकोटिन पाउच, निकोटिन साल्ट, ईजुस, हुक्का र शिशाको उत्पादन, आयात, बिक्री बितरण तथा सञ्चय भण्डारण गर्न पाउने छैन ।

**११ख. <u>सुर्तिजन्य पदार्थ मुक्त पुस्ता</u>** : (१) विक्रम संवत् २०७२ बैशाख १ गतेपछि जन्मिएका व्यक्ति सुर्तिजन्य पदार्थमुक्त पुस्ताको रूपमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको पुस्तालाई सूर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा निजले त्यस्तो पदार्थ उपभोग वा सेवन गर्न पाउने छैन।

(३) दफा ११ को उपदफा (१) को व्यवस्थालाई यस दफाले सिमित गरेको मानिने छैन।

(४) उपदफा (१) बमोजिम पुस्ता निर्माणको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, तथा सरोकारवालाले आवश्यक समन्वय र सहकार्य गर्नु पर्नेछ।"

१०. **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>** : मूल ऐनको दफा १२ को उपदफा (१) मा रहेको "नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ।" भन्ने शब्दको सट्टा "मन्त्रालयले कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ।" भन्ने शब्दहरु राखिएकाछन् ।

११. **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>** : मूल ऐनको दफा १२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) यस ऐनमा लेखिए देखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कुनै व्यक्तिले यस ऐनविपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीजन्य पदार्थ सेवन गरे वा नगरेको सम्बन्धमा निरीक्षण तथा आवश्यक जाँचबुझ गर्ने,

(ख) उत्पादक, आयातकर्ता, बिक्रेता, सञ्चालक, व्यवस्थापक वा यस ऐनबमोजिम दायित्व वहन गर्ने अन्य व्यक्तिले यस ऐन वा तथा प्रचलित कानून बमोजिम सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धमा पूरा गर्नुपर्ने दायित्व पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने,

(ग) निरीक्षणका क्रममा आवश्यक जानकारी, कागजात, अभिलेख वा विवरण माग गर्ने तथा परीक्षण गर्ने,

(घ) ऐनको उल्लङ्घन भएको देखिएमा प्रचलित कानूनबमोजिम आवश्यक अनुसन्धान, तहकिकात गरी मुद्दा दायर गर्ने वा सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।"

१२. **<u>मूल ऐनको दफा १७ मा संशोधन</u>** : मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "एक सय" भन्ने शब्दको सट्टा "पाँच सय" भन्ने शव्द राखिएको छ।

(२) उपदफा (५) को खण्ड (ख) मा रहेको "पचास हजार" भन्ने शब्दहरूको सट्टा "तीन लाख" भन्ने शब्दहरू राखिएको छ।

(३) खण्ड (ग) मा रहेको "एक लाख" भन्ने शव्दको सट्टा "दुई लाख" भन्ने शब्दहरू राखिएको छ।

(४) खण्ड (घ) मा रहेको "दश हजार" भन्ने शब्दहरूको सट्टा "एक लाख" भन्ने शब्दहरू राखिएको छ।

(५) खण्ड (ङ) मा रहेको "पाँच हजार" भन्ने शब्दहरूको सट्टा "दश हजार" भन्ने शब्दहरू राखिएका छन्।

(६) खण्ड (घ) पछि देहायको खण्ड (घ१) र (घ२) थपिएको छः-

(घ१) दफा ११.क विपरीत ई-सिगरेट र ईलेक्ट्रोनिक निकोटिन डेलीभरी गर्ने अन्य कुनै बस्तु तथा पदार्थ (भेप्स), हिटेड टोबाको पदार्थ, निकोटिन पाउच, निकोटिन साल्ट, ईजुस, हुक्का र शिशाको उत्पादन, आयात, बिक्री बितरण तथा सञ्चय भण्डारण गरेमा त्यस्तो पदार्थ जफत गरी पाँच लाख देखि सात लाख सम्म जरिवाना,

(घ२) दफा ११ख. विपरीत सुर्तिजन्य पदार्थमुक्त पुस्तालाई सूर्तीजन्य पदार्थ उत्पादन, बिक्री वितरण उपभोग वा सेवन गरे गराएमा पहिलो पटक दश हजार रूपैया सम्म जरिवाना र दोस्रो पटक वा सो भन्दा बढी पटकको लागि दोब्बर जरिवाना,"

१३. **<u>मूल ऐनको दफा १९ मा संशोधन</u>** : मूल ऐनको दफा १९ को,-

(१) खण्ड (क) मा रहेको "स्वास्थ्य तथा जनसंख्या" भन्ने शब्दहरू झिकिएको छ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) र खण्ड ख२) थपिएका छन:-

(ख१) सह-सचिवस्तरको प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(ख२) सह-सचिवस्तरको प्रतिनिधि, गृह मन्त्रालय -सदस्य"

(३) खण्ड (च) मा रहेको "कानून अधिकृत, स्वास्थ्य तथा जनसंख्या" भन्ने शब्दहरूको सट्टा "प्रमुख, कानून शाखा" भन्ने शब्दहरू राखिएको छ।

१४. **<u>मूल ऐनको दफा २२ मा संशोधन</u>** : मूल ऐनको दफा २२ को उपदफा (२) को मा रहेको "रकम" पछि "र सूर्तीजन्य पदार्थको उत्पादन, आयात तथा बिक्री बितरणसँग सम्बन्धित व्यवसायी एवं निकायबाट सामाजिक उत्तरदायित्व बापत छुट्टाएको रकमको बीस प्रतिशत रकम" भन्ने शब्दहरू थप गरिएको छ।

१५. **<u>मूल ऐनको दफा २६ मा संशोधन</u>** : मूल ऐनको दफा २६ मा रहेको "प्रशासनको" भन्ने शब्दहरू पछि "जनपथ प्रहरी प्रशासन" भन्ने शब्दहरू थप गरिएको छ।

१६. **<u>दफा २७ मा संशोधन</u>** : दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

"**२७ क. <u>निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउने अधिकार</u>** : मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।"